लघुवित्त वित्तीय संस्थाहरुको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन

आर्थिक वर्ष २०८१/८२

चौथो त्रयमास - २०८२ असार

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाडौं

बिषय-सूची

खण्ड (१)

१. परिचय उद्देश्य तथा संख्यात्मक विवरण

१.१ परिचय
१.२ उद्देश्य
१.३. प्रमुख संख्यात्मक विवरण

खण्ड (२)

२. लघुवित्त वित्तीय संस्थाहरुको अर्द्धवार्षिक स्थिति

खण्ड (३)

३. निर्देशन पालना स्थिति

अनुसूचीहरु

क) Key Financial Indicators
ख) Sources and Uses
ग) Progress Report

खण्ड (१)

परिचय तथा उद्देश्य

१.१. परिचय

२०८२ असार मसान्तमा ५२ वटा लघुवित्त वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुबाट यस विभागमा पेश भएको आर्थिक वर्ष २०८१/८२ को चौथो त्रयमाससम्मको अपरिष्कृत वित्तीय विवरणको आधारमा नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली २०७४ को परिच्छेद ५ बमोजिम गैर-स्थलगत सुपरिवेक्षण (Off-site Supervision) गरी समग्र वित्तीय स्थितिको विश्लेषण तथा निर्देशन पालनाको अवस्था सहितको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

१.२. उद्देश्य

(क) यस बैंकबाट वित्तीय कारोवार गर्न "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको समग्र वित्तीय अवस्थाको विश्लेषण एवम् मूल्याङ्कन गर्ने ।

(ख) गैर-स्थलगत सुपरिवेक्षणबाट प्राप्त पूर्वसावधानी संकेत (Early Warning Signals) को आधारमा स्थलगत निरीक्षणको लागि आवश्यक सूचना प्राप्त गर्ने ।

(ग) लघुवित्त वित्तीय संस्थाहरुबाट प्राप्त वित्तीय विवरण एवम् अन्य कागजातहरूको अध्ययनको आधारमा प्रचलित नियम कानून तथा निर्देशनहरुको पालना भए/नभएको यकिन गर्ने ।

१.३. सीमा

(क) यो प्रतिवेदन २०८२ असार मसान्तमा सञ्चालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरुबाट प्राप्त अपरिष्कृत वित्तीय विवरणहरुको आधारमा तयार गरिएको छ ।

(ख) अनुपालनाको सन्दर्भमा यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०८१ मा भएको व्यवस्थाको अनुपालना स्थितिलाई उल्लेख गरिएको छ ।

खण्ड (२)
लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति

२.१ पहुँच

लघुवित्त वित्तीय संस्थाहरुको संख्या २०८२ असार मसान्तसम्ममा ५२ वटा कायम रहेको छ । सोमध्ये ३ वटा थोक कर्जा प्रदायक संस्था रहेका छन् भने बाँकी ४९ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु रहेका छन् । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०८१ असारको तुलनामा २०८२ असार मसान्तमा १.०२ प्रतिशतले घट्न गई ४ हजार ९ सय ६१ पुगेको छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा आवद्ध समुह संख्या ४.४१ प्रतिशतले वृद्धि भई १४ लाख ७८ हजार पुगेको छ भने सदस्य संख्या तथा ऋणी संख्यामा क्रमशः ३.७७ प्रतिशत र १.६ प्रतिशतले वृद्धि भई ६२ लाख २१ हजार र २७ लाख ७ हजार पुगेको छ ।

तालिका २.१: लघुवित्त वित्तीय संस्थाहरुको पहुँच स्थिति

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
कुल संस्था संख्या	५७	५२	५२	-८.७७	0
राष्ट्रिय स्तरका संस्था*	४२	३९	३९	-७.१४	0
क्षेत्रीय/जिल्ला स्तरका संस्था	४	४	४	०.००	0
प्रादेशिकस्तरका संस्था	११	९	९	-१८.१८	0
कुल शाखा संख्या	५,०७३	५,०१२	४,९६१	-१.२०	-१.०२
कार्य क्षेत्र रहेको जिल्ला	७७	७७	७७	०.००	०.००
कुल केन्द्र संख्या (हजारमा)	४४६	४५९	४७३	२.९१	३.१५
कुल समूह संख्या (हजारमा)	१,३९१	१,४१६	१,४७८	१.८०	४.४१
कुल सदस्य संख्या (हजारमा)	६,०१६	५,९९५	६,२२१	-०.३५	३.७७
कुल ऋणी संख्या (हजारमा)	२,९८४	२,६६४	२,७०७	-१०.७२	१.६०
कुल कर्मचारी संख्या	२२,४९३	२१,७२७	२१,७१७	-३.४१	-०.०५

**उपरोक्त राष्ट्रियस्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ३ रहेको छ ।*

चार्ट २.१: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखा उपस्थिति (प्रतिशतमा)



प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखाहरु लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रहेको देखिन्छ । २०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाका कुल शाखा संख्याको २२ प्रतिशत (१०९१ शाखाहरु) उक्त प्रदेशमा रहेका छन् । पहुँचका हिसावले कर्णाली प्रदेशमा लघुवित्त संस्थाको उपस्थिति न्यून रहेको देखिन्छ । उक्त प्रदेशमा कुल शाखा संख्याको ५ प्रतिशत (२३९ शाखाहरु) मात्रै शाखाहरु सञ्चालनमा रहेका छन् ।

२.२ पुँजीकोष

लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोषको स्थिति समग्रमा सन्तोषजनक रहेको छ । यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने व्यवस्था रहेको छ । २०८२ असार मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.२५ प्रतिशत र १२.५२ प्रतिशत रहेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी २०८१ असार मसान्तको तुलनामा ७.२४ प्रतिशतले बढेको छ भने जोखिम भारित सम्पत्ति ८.२९ प्रतिशतले बढेको देखिन्छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी तथा जोखिम भारित सम्पत्ति क्रमशः ४.२१ प्रतिशत र ९.७६ प्रतिशतले बढेको थियो ।

तालिका २.२: पुँजीकोष सम्बन्धी विवरण

(रु. करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
चुक्ता पुँजी	३,४३८.८०	३,५८३.५१	३,८४२.९२	४.२१	७.२४
प्राथमिक पुँजी	५,५९७.८१	५,७४०.७७	६,२४३.४३	२.५५	८.७६
पुँजी कोष	६,२२५.००	६,३९०.६८	६,९५१.५८	२.६६	८.७८
जोखिम भारित सम्पत्ति	४६,६९५.२८	५१,२५४.२०	५५,५०२.८९	९.७६	८.२९
प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)	**११.९९**	**११.२०**	**११.२५**		
पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)	**१३.३३**	**१२.४७**	**१२.५२**		

२.३ वित्तीय श्रोत संकलन

थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले परिचालन गरेको सापटी रकममा ह्रास आएको छ। यस्ता लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय श्रोत पुँजी र सापटी रहेको छ। २०८२ असार मसान्तसम्ममा थोक लघुवित्त वित्तीय संस्थाहरूले ४२ अर्ब ४९ करोड कुल वित्तीय श्रोत संकलन गरेका छन् जुन २०८१ असार मसान्तको तुलनामा ९.११ प्रतिशतले कम रहेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा वित्तीय श्रोत संकलनमा ११.३६ प्रतिशतले कमी आएको थियो । लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय श्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ। २०८२ असार मसान्तसम्ममा वित्तीय श्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ३.८३ गुणा रहेको छ।

तालिका २.३ : वित्तीय श्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)

(रु.करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
(क) बचत	१८५.५६	२८३.८९	४०४.०९	५२.९९	४२.३४
(ख) सापटी	५,०८९.०७	४,३९१.५०	३,८४५.५४	-१३.७१	-१२.४३
कुल वित्तीय श्रोत संकलन	५,२७४.६२	४,६७५.३९	४,२४९.६२	-११.३६	-९.११
प्राथमिक पुँजी (अघिल्लो त्रयमास)	९६४.८३	१०२२.५०	११०९.३५		
वित्तीय श्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)	५.४७	४.५७	३.८३		

खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको बचत संकलन तथा सापटी रकममा वृद्धि भएको छ। २०८२ असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले बचत संकलन रू. १

खर्ब ९५ अर्ब ७२ करोड र सापटी रू. २ खर्ब १ अर्ब ४ करोड गरी जम्मा रू. ३ खर्ब ९६ अर्ब ७६ करोड वित्तीय श्रोत संकलन गरेका छन् । आर्थिक वर्ष २०८०/८१ मा बचत संकलन ५.२० प्रतिशत र सापटी रकम १४.३८ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षमा बचत संकलन तथा सापटी रकम क्रमशः १२.६० प्रतिशत र ७.६१ प्रतिशतले बढेको छ । वित्तीय बजारमा बैंकहरुबाट प्राप्त हुने सापटीमा आएको वृद्धिका कारण अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा कुल वित्तीय श्रोत संकलनमा बढोत्तरी आएको छ । २०८१ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको प्राथमिक पूंजीको ८.४० गुणा मात्रै वित्तीय श्रोत संकलन भएकोमा २०८२ असार मसान्तमा भने प्राथमिक पुंजीको ८.५७ गुणा वित्तीय श्रोत संकलन भएको छ ।

तालिका २.४: वित्तीय श्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
(क) बचत	१६,५२३.७१	१७,३८२.१९	१९,५७१.५२	५.२०	१२.६०
(ख) सापटी	१६,३३४.७४	१८,६८३.१०	२०,१०४.०१	१४.३८	७.६१
कुल वित्तीय श्रोत संकलन	**३२,८५८.४५**	**३६,०६५.२९**	३९,६७५.५३	९.७६	१०.०१
प्राथमिक पुंजी (अघिल्लो त्रयमास)	४,५५८.०९	४,२९१.१५	४,६३१.५३		
वित्तीय श्रोत संकलन/प्राथमिक पुंजी अनुपात (गुणा)	**७.२१**	**८.४०**	८.५७		

२.४ कर्जा तथा सापटी

२०८२ असार मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटी रकममा कमी आएको छ भने र निष्क्रिय कर्जा अनुपातमा वृद्धि भएको छ । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८१ असारको तुलनामा ९.४४ प्रतिशतले कम भई २०८२ असार मसान्तमा रू. ४८ अर्ब ७७ करोड पुगेको छ । समीक्षा अवधिमा कुल कर्जा तथा सापटीमध्ये निष्क्रिय कर्जा रु. १ अर्ब ४१ करोड अर्थात २.९० प्रतिशत मात्र रहेको छ । २०८१ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात २.३० प्रतिशत रहेको थियो भने २०८० असार मसान्तमा यस्तो अनुपात ०.४१ प्रतिशत मात्र रहेको थियो । आर्थिक वर्ष २०८१/८२ मा सक्रिय कर्जा १०.०० प्रतिशतले घटेको छ भने निष्क्रिय कर्जा १४.३४ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०८०/८१ मा सक्रिय कर्जा ८.८२ प्रतिशतले घटेको थियो भने निष्क्रिय कर्जा ४२५.४६ प्रतिशतले बढेको थियो । थोक कर्जा प्रदायक संस्थाहरुले २०८२ असार मसान्तसम्ममा १२ करोड बराबरको कर्जा पुनरतालिकिकरण गरेका छन् ।

तालिका २.५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा)

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
सक्रिय कर्जा	५,७७०.३८	५,२६१.६६	४,७३५.६५	-८.८२	-१०.००
निष्क्रिय कर्जा	२३.५४	१२३.७०	१४१.४४	४२५.४६	१४.३४
कुल कर्जा तथा सापट	**५,७९३.९२**	**५,३८५.३६**	**४,८७७.०९**	-७.०५	-९.४४
निष्क्रिय कर्जा अनुपात	०.४१	२.३०	२.९०		

२०८२ असार मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट तथा निष्क्रिय कर्जा रकम दुवैमा वृद्धि भएको छ । खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८१ असारको तुलनामा १०.२१ प्रतिशतले बढेर २०८२ असार मसान्तमा रू. ४ खर्ब ४३ अर्ब ३ करोड पुगेको देखिन्छ । यसैगरी २०८२ असार मसान्तमा निष्क्रिय कर्जा रु.३१ अर्ब २ करोड अर्थात ७ प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ६.१७ प्रतिशत रहेको थियो भने २०८० असार मसान्तमा यस्तो अनुपात ५.५२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा सक्रिय कर्जा तथा निष्क्रिय कर्जा क्रमश: ९.२४ प्रतिशत तथा २४.९८ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको सोही अवधिमा सक्रिय कर्जा ७.३३ प्रतिशत र निष्क्रिय कर्जा २०.९७ प्रतिशतले बढेको थियो । खुद्रा कर्जा प्रदायक संस्थाहरुले २०८२ असार मसान्तसम्ममा ३ अर्ब ७१ करोड बराबरको कर्जा पुनरतालिकीकरण गरेका छन् ।

तालिका २.६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा)

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
सक्रिय कर्जा	३५,१४१.१०	३७,७१६.२३	४१,२००.९०	७.३३	९.२४
निष्क्रिय कर्जा	२,०५१.८५	२,४८२.१२	३,१०२.०३	२०.९७	२४.९८
कुल कर्जा तथा सापट	**३७१९२.९५**	**४०१९८.३४**	**४४,३०२.९३**	८.०८	१०.२१
निष्क्रिय कर्जा अनुपात	**५.५२**	**६.१७**	**७.००**		

२०८२ असार मसान्तसम्ममा क्षेत्रगत कर्जा प्रवाहतर्फ लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ । लघुवित्त वित्तीय संस्थाहरुले २०८२ असार मसान्तमा प्रवाह गरेको कुल कर्जाको ५३.७५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०८१ असार मसान्तमा कृषि क्षेत्रमा ४९.८१ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०८१/८२ को चौथो त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये सेवा व्यवसाय क्षेत्रमा २३.५४ प्रतिशत, थोक कर्जा क्षेत्रमा ९.९२ प्रतिशत तथा घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.२५ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ ।

तालिका २.७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण

(रु.करोडमा)

कर्जा विवरण	२०८१ असार (रु. करोडमा)	२०८१ असार (प्रतिशत)	२०८२ असार (रु. करोडमा)	२०८२ असार (प्रतिशत)
कृषि	२२,७०४.३२	४९.८१	२६,४३२.१०	५३.७५
सेवा व्यवसाय	११,०४८.३४	२४.२४	११,५७८.३४	२३.५४
थोक कर्जा	५,३८५.३६	११.८१	४,८७७.०९	९.९२
घरेलु तथा लघु उद्योग	१,९१०.०३	४.१९	१,५९८.६०	३.२५
अन्य	४,५३५.६५	९.९५	४,६९३.८९	९.५४
जम्मा	**४५,५८३.७१**	**१००.००**	४९,१८०.०२	१००.००

२०८२ असार मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था घटेको छ भने निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था बढेको छ । २०८२ असार मसान्तमा त्यस्ता लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८१ असार मसान्तको तुलनामा ७.५१ प्रतिशतले घटेर रू. १ अर्ब ८४ करोड पुगेको छ । जसमध्ये, निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था २०८१ असार मसान्तको तुलनामा २६.२१ प्रतिशतले वृद्धि भई रु. १ अर्ब २५ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षमा कुल कर्जा नोक्सानी व्यवस्था रकम २६.९७ प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था रकम १३३.८३ प्रतिशतले बढेको थियो ।

तालिका २.८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
सक्रिय कर्जामा नोक्सानी व्यवस्था	११४.०४	९९.६३	५८.८१	-१२.६३	-४०.९७
निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था	४२.२७	९८.८४	१२४.७५	१३३.८३	२६.२१
कुल कर्जा नोक्सानी व्यवस्था	**१५६.३१**	**१९८.४८**	१८३.५६	२६.९७	-७.५१
कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात)	**२.५९**	**३.६९**	**३.७६**		

२०८२ असार मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्थामा वृद्धि भएको छ । २०८२ असार मसान्तमा त्यस्ता लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८१ असार मसान्तको तुलनामा ३०.७० प्रतिशतले बढेर रू. २६ अर्ब १३ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था २०८१ असार मसान्तको तुलनामा १९.९४ प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ९९ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल कर्जा नोक्सानी व्यवस्था रकम १८.०२ प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था रकम २४.९७ प्रतिशतले बढेको थियो ।

तालिका २.९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
सक्रिय कर्जामा नोक्सानी व्यवस्था	६,२७.४२	६,६६.३०	१०,१४.३४	६.२०	५२.२३
निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था	१०,६६.४५	१३,३२.८०	१५,९८.५७	२४.९७	१९.९४
कुल कर्जा नोक्सानी व्यवस्था	**१६,९३.८८**	**१९,९९.११**	२६,१२.९१	१८.०२	३०.७०
कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात)	**४.५५**	**४.९७**	**५.९**		

२०८२ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको धितो कर्जाको अंश घटेको छ भने लघु व्यवसाय कर्जाको अंश बढेको छ । २०८२ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासँग कुल कर्जा तथा सापटको अनुपात १६.१२ प्रतिशत रहेको छ । यस्तो अनुपात २०८१ असार मसान्तमा १८.९९ प्रतिशत र २०८० असार मसान्तमा २०.४८ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश २०८१ असारमा ७१.६६ प्रतिशत रहेकोमा २०८२ असारमा ७६.२९ प्रतिशत पुगेको छ ।

तालिका २.१०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
धितो कर्जा	७,६१५.२७	७,६३५.५७	७,१४३.७३	०.२७	-६.४४
लघु व्यवसाय कर्जा	२६,८०६.४९	२८,८०७.५०	३३,७९९.३३	७.४६	१७.३३
अन्य कर्जा	२,७७१.१९	३,७५५.२७	३,३५९.८८	३५.५१	-१०.५३
कुल कर्जा तथा सापट प्रदान	३७,१९२.९५	४०,१९८.३४	४४,३०२.९३	८.०८	१०.२१
धितो कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत)	**२०.४८**	**१८.९९**	**१६.१२**		
लघु व्यवसाय कर्जा/ कुल कर्जा तथा सापट (प्रतिशत)	**७२.०७**	**७१.६६**	**७६.२९**		
अन्य कर्जा/कुल कर्जा तथा सापट(प्रतिशत)	**७.४५**	**९.३४**	**७.५८**		

२.५ लगानी

लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा वृद्धि भएको छ । २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. १० अर्ब ५४ करोड पुगेको छ जुन २०८१ असार मसान्तको तुलनामा ३.३९ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा कुल लगानी ९.०८ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्दती निक्षेपमा २०८२ असारमसान्तसम्ममा रु. ८ अर्ब ४० करोड लगानी गरेका छन् जुन रकम २०८१ असार मसान्तको तुलनामा १.९९ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा मुद्दती निक्षेपमा राखेको रकम १३.०९ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले सरकारी

सुरक्षणपत्रमा २०८२ असारमसान्तसम्ममा १ अर्ब ८ करोड लगानी गरेका छन् । यो रकम २०८१ असारमसान्तको तुलनामा ११.४५ प्रतिशतले बढेको देखिन्छ । लघुवित्त वित्तीय संस्थाहरूले समीक्षा अवधिमा शेयर/डिवेञ्चरमा गरेको लगानी १८.७९ प्रतिशतले घटेको देखिन्छ ।

तालिका २.११: लगानी विवरण

(रु. करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
मुद्दती निक्षेप	७२८.४८	८२३.८१	८४०.१७	१३.०९	१.९९
सरकारी सुरक्षणपत्र	१०५.९४	९६.९०	१०८.००	-८.५३	११.४५
शेयर तथा डिबेन्चर	१०.११	९.२९	७.५५	-८.०७	-१८.७९
अन्य लगानी	८९.७१	८९.०९	९७.९४	-०.६९	९.९३
जम्मा लगानी	**९३४.२३**	**१,०१९.१०**	**१,०५३.६५**	९.०८	३.३९

२.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति तथा जोखिम भारित सम्पत्ति बढेको छ । उक्त अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ६ खर्ब ७ अर्ब ५६ करोड पुगेको छ । यो रकम २०८१ असार मसान्तको तुलनामा १४.६२ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा कुल सम्पत्ति ८.६९ प्रतिशतले बढेको थियो । २०८२ असार मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पत्तिको ९१.३५ प्रतिशत रहेको छ जुन २०८१ असार मसान्तमा ९६.३९ प्रतिशत रहेको थियो ।

तालिका २.१२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण

(रु.करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
कुल सम्पत्ति	४८,९२४.०५	५३,१७५.१५	६०,७५५.५३	८.६९	१४.६२
जोखिम भारित सम्पत्ति	४६,६९५.२८	५१,२५४.२०	५५,५०२.८९	९.७६	८.२९
जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत)	**९५.४४**	**९६.३९**	**९१.३५**		

२.७ मुनाफा स्थिति

२०८२ असार मसान्तमा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा वृद्धि भएको छ । त्यस्ता लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०८१/८२ को चौथो त्रयमाससम्ममा ब्याज आम्दानी रु. ४ अर्ब ४ करोड र ब्याज खर्च रु. १ अर्ब ८१ करोड रहेको छ । समीक्षा अवधिमा उक्त संस्थाहरुले रु. १ अर्ब २८ करोड खुद मुनाफा गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १.९४ प्रतिशतले बढी हो ।

तालिका २.१३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)

द्(रु. करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
ब्याज आम्दानी	५४०.२८	५८७.४७	४०४.४४	८.७३	-३१.१६
ब्याज खर्च	३०३.८९	३११.८८	१८१.३१	२.६३	-४१.८७
सञ्चालन आम्दानी	२४५.५७	२८०.२७	२२६.६७	१४.१३	-१९.१३
खुद नाफा/नोक्सान	**१११.३९**	**१२५.४९**	१२७.९२	**१२.६६**	१.९४

समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा बढोत्तरी भएको छ। उक्त लघुवित्त वित्तीय संस्थाहरुको २०८१ असार मसान्तमा खुद मुनाफा रु. ५ अर्ब १४ करोड रहेकोमा २०८२ असार मसान्तमा ४१.४३ प्रतिशतले वृद्धि भई खुद मुनाफा रु. ७ अर्ब २८ करोड पुगेको छ। त्यस्ता लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०८१/८२ मा ब्याज आम्दानी रु. ५८ अर्ब ३४ करोड र ब्याज खर्च रु. २९ अर्ब ६६ करोड रहेको छ। यस अवधिमा सञ्चालनमा रहेका ४९ वटा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये ४ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ।

तालिका २.१४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
ब्याज आम्दानी	५,६२७.८८	५,३११.५९	५,८३३.६०	(५.६२)	९.८३
ब्याज खर्च	३,३९२.६७	३,१२२.२८	२,९६६.४०	(७.९७)	-४.९९
सञ्चालन आम्दानी	२,६८३.८४	२,६७०.३७	३,४२२.०५	(०.५०)	२८.१५
खुद नाफा/नोक्सान	३०२.३६	५१४.८७	७२८.१६	७०.२८	४१.४३

२.८ तरलता स्थिति

समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा कमी आएको छ। सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन्। २०८२ असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा २०८१ असारको तुलनामा १.१३ प्रतिशतले ह्रास आई रु. ७ अर्ब ५९ करोड पुगेको छ।

२०८२ असार मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात १२.९६ प्रतिशत रहेको छ। २०८१ असार र २०८० असार मसान्तमा यस्तो अनुपात क्रमश: १४.५७ प्रतिशत र १२.७४ प्रतिशत रहेको थियो। सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको

२०८२ असार महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४ प्रतिशत र ३.२७ प्रतिशत रहेको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको सीमा भित्रै रहेको छ ।

तालिका २.१५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)

(रू. करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
नगद	४.११	५.३५	३.५१	३०.२७	-३४.४३
नेपाल राष्ट्र बैंक मौज्दात	१३८.९९	१३१.३२	१३९.८२	(५.५२)	६.४७
बैंक तथा बित्तीय संस्था मौज्दात	४०५.७८	५३४.४५	५१२.८३	३१.७१	-४.०४
सरकारी सुरक्षणपत्रमा लगानी	७९.१६	९६.९०	१०३.१८	२२.४१	६.४७
कुल तरल सम्पत्ति	**६२८.०४**	**७६८.०२**	**७५९.३३**	२२.२९	-१.१३
कुल बचत तथा निक्षेप (अघिल्लो महिनाको औषत)	४,९२८.६१	५,२६९.५२	५,८५७.७३		
तरल सम्पत्ति/ कुल बचत तथा निक्षेप(प्रतिशत)	१२.७४	१४.५७	१२.९६		
वैधानिक तरलता अनुपात	**४.५०**	**४.३७**	**४.००**		
अनिवार्य मौज्दात अनुपात	**३.५४**	**३.७४**	**३.२७**		

सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्तिमा वृद्धि भएको छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८२ असार मसान्तमा तरल सम्पत्ति २०८१ असारको तुलनामा २९.१३ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब पुगेको छ । २०८१ असार मसान्तमा २३.२४ प्रतिशत रहेको तरल सम्पत्ति/कुल बचत अनुपात २०८२ असार मसान्तमा भने २६.५५ प्रतिशत पुगेको छ । समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातमा वृद्धि भएको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८२ असार महिनाको अनिवार्य मौज्दात अनुपात ०.६४ प्रतिशत रहेको छ ।

तालिका २.१६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)

(रू. करोडमा)

विवरण	२०८० असार (१)	२०८१ असार (२)	२०८२ असार (३)	प्रतिशत परिवर्तन	
				(२-१)/(१) *१००	(३-२)/(२) *१००
नगद	४५.३१	३७.०५	२९.०१	(१८.२३)	-२१.७१
नेपाल राष्ट्र बैंक मौज्दात	९४.५५	१०२.६३	२९६.८५	८.५४	१८९.२४
बैंक तथा वित्तीय संस्था मौज्दात	२,००७.५९	२,६४८.३५	३,२६९.५१	३१.९२	२३.४५
सरकारी सुरक्षणपत्रमा लगानी	२६.७८	-	४.८२	-	-
कुल तरल सम्पत्ति	२,१७४.२३	२,७८८.०४	३,६००.१९	२८.२३	२९.१३
कुल बचत (अघिल्लो महिनाको औषत)	११,९१८.२९	११,९९६.५६	१३,५६०.००		
तरल सम्पत्ति/ कुल बचत (प्रतिशत)	**१८.२४**	**२३.२४**	**२६.५५**		
अनिवार्य मौज्दात अनुपात	**०.६३**	**०.५७**	**०.६४**		

खण्ड (३)

निर्देशन पालनाको स्थिति

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु अन्तर्गत पुँजीकोष, वित्तीय श्रोत संकलन, अनिवार्य मौज्दात, कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्था, प्रति ग्राहक कर्जा सीमा, ब्याजदर सम्बन्धी व्यवस्था, लगानी सम्बन्धी व्यवस्था आदिको निर्देशन पालना सम्बन्धमा विभिन्न वित्तीय संस्थाहरुको स्थिति यस खण्डमा विश्लेषण गरिएको छ ।

३.१ पुँजीकोष अनुपात

यस बैंकको निर्देशन बमोजिम लघुवित्त वित्तीय संस्थाहरूले कुल जोखिम भारित सम्पत्तिको ४ प्रतिशत प्राथमिक पुँजी र ८ प्रतिशत पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८२ असार मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा सुपर लघुवित्त वित्तीय संस्था लि. को पुँजीकोष ८ प्रतिशत भन्दा कम रहेको देखिन्छ । उक्त संस्थालाई शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली २०७४ को विनियम ३ बमोजिमको कारवाही गरिएको छ । बाँकी ५१ वटा लघुवित्त वित्तीय संस्थाहरूले पुँजीकोष सम्बन्धी निर्देशनको पालना गरेको देखिन्छ ।

३.२ वित्तीय श्रोत संकलन

यस बैंकको निर्देशन बमोजिम लघुवित्त वित्तीय संस्थाहरूले अघिल्लो त्रयमासमा कायम रहेको संस्थाको प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय श्रोत संकलन गर्न पाउने व्यवस्था रहेकोमा २०८२ असार मसान्तमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था

(क) सक्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकको निर्देशन बमोजिम २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाले असल कर्जाका लागि १.३ प्रतिशत र सुक्ष्म निगरानी र पुनरसंरचना/पुर्नतालिकीकरण कर्जाका लागि ५ प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्था रहेकोमा गरेको देखिन्छ । साथै, सक्रिय कर्जाका लागि कुल कर्जा रकमको २.१८ प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

(ख) निष्क्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकको निर्देशन बमोजिम २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाले निष्क्रिय कर्जालाई कमसल, शंकास्पद र खराब कर्जामा वर्गीकरण गरी क्रमशः २५, ५० र १०० प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा निष्क्रिय कर्जा अनुपात ६.६० प्रतिशत रहेको देखिन्छ । साथै, निष्क्रिय कर्जाका लागि कुल कर्जा रकमको ३.५० प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८२ असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुले रु २७ अर्ब ९६ करोड बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेका छन् । उक्त रकम कुल बाँकी कर्जाको ५.६९ प्रतिशत र निष्क्रिय कर्जाको ८६.२२ प्रतिशत रहेको देखिन्छ ।

३.४ धितो कर्जा र कुल कर्जा अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा धितो लिई प्रवाह गरिने सबै किसिमको कर्जा कुल कर्जाको बढीमा एक तिहाई भन्दा बढी हुनहुने छैन भन्ने व्यवस्था रहेकोमा समिक्षा अवधिमा सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ । साथै, २०८२ असार मसान्तमा धितो कर्जा कुल कर्जा (खुद्रा कर्जा प्रदायक) को १६.१२ प्रतिशत रहेको देखिन्छ ।

३.५ कृषि क्षेत्रमा कुल कर्जाको अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ अनुसार संस्थाले अनिवार्य रुपमा आफ्नो कुल कर्जाको एक तिहाइ कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा समिक्षा अवधिमा सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.६ अनिवार्य मौज्दात अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले कुल बचत दायित्वको ०.५० प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत) अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.७ तरल सम्पत्ति अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ अनुसार सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत दायित्वको २ प्रतिशत तरल सम्पत्ति अनुपात तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत तथा निक्षेप दायित्वको ४ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुले सो व्यवस्थाको पालना गरेको देखिन्छ ।

३.८ निक्षेप/बचतको व्याजदर सम्बन्धमा

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं १५/०८१ को बुँदा नं. २ अनुसार लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको अधिकतम ब्याजदरको कम्तीमा ५० प्रतिशत हुने गरी निक्षेप/बचतको न्यूनतम ब्याजदर तय गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ ।

३.९ नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ९/०८१ मा भएको व्यवस्था बमोजिम वित्तीय विवरणहरु यस बैंकमा पठाउनु पर्ने व्यवस्थाको सम्बन्धमा २०८२ असार मसान्तसम्ममा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले आवश्यक कागजात तथा वित्तीय विवरणहरु पठाइरहेको देखिन्छ ।

-०-